नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र

दुधपाटी, भक्तपुर

## स्थायी पदपूर्तिको लागि लोक सेवा आयोगबाट संचालन हुने लिखित परिक्षा सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति : २०७६।०१।१३**

लोक सेवा आयोगबाट मिति २०७५।०६।२१ मा प्राप्त सहमति अनुसार शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र (साविक मानव अंग प्रत्यारोपण केन्द्र) मा रहेका देहायका पदहरु खुला तथा समावेशी प्रतियोगिताबाट स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले मानव अङ्ग प्रत्यारोपण विकास समिति कर्मचारी प्रशासन नियमावली २०६८ (संशोधन सहित) अनुसार योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ। दरखास्त फारम www.hotc.org.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिन्छ। हालसाले खिचिएको पासपोर्ट साईजको फोटो टाँस गरी दरखास्त साथ आफुले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव र नेपाली नागरिकताको प्रमाणपत्रहरुको प्रतिलिपि काउन्सिल दर्ता आवश्यक पर्ने पदहरुमा अनिवार्य रुपमा सम्बन्धित काउन्सिलमा दर्ता प्रमाणपत्रको एक एक प्रती प्रमाणित प्रतिलिपि समेत संलग्न गरी केन्द्रको कार्यालय दुधपाटी, भक्तपुरमा बुझाउनु पर्नेछ। सरकारी, गैरसरकारी वा अन्य कुनै पनि संगठित संस्थामा कार्यरत उमेदवारले दरखास्त साथ सम्बन्धित संस्थाको स्वीकृति पत्र समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। परिक्षा दस्तुर रकम नेपाल बैङ्क लिमिटेड, कमलविनायक, भक्तपुरमा रहेको शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको चल्ती खाता नं. ०१९००१०००४००५९०००००१ मा जम्मा गरको भौचर दरखास्त साथ संलग्न गर्नुपर्नेछ।

| विज्ञापन नं. | पदको नाम/ सेवा/ समूह/ उप समूह/ श्रेणी/तह | पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| १/७५/७६ | एनेस्थेसियोलोजि एण्ड क्रिटिकल केयर/ स्वास्थ्य/ एनेस्थेसियोलोजि/ कन्सल्टेन्ट (नवौं) | १ खुला | रजिष्ट्रार एनेस्थेसियोलोजी एण्ड क्रिटिकल केयर पदमा रहि कम्तिमा छ बर्ष वा सिनियर रजिष्ट्रार एनेस्थेसियोलोजी एण्ड क्रिटिकल केयर पदमा तीन बर्ष अनुभव प्राप्त गरेको चिकित्सक हुनु पर्ने छ। |
| २/७५/७६ | नेफ्रोलोजि/ स्वास्थ्य/ मेडिसिन/ नेफ्रोलोजि/ रजिष्ट्रार (आठौं) | १ खुला<br>१ महिला | कम्तीमा एम.डि नेफ्रोलोजी वा सो सरह डिग्री उत्तीर्णगरेको वा पेडीयाट्रिक मेडिसिन गरेर पेडीयाट्रिक नेफ्रोलोजीमा फेलोसिप गरेको |
| ३/७५/७६ | ग्याष्ट्रोइन्टेरोलोजी तथा हेपाटोलोजी/ स्वास्थ्य/ मेडिसिन/ ग्याष्ट्रोइन्टेरोलोजी/ रजिष्ट्रार (आठौं) | १ खुला<br>१ महिला | कम्तिमा ग्याष्ट्रोइन्टेरोलोजी तथा हेपाटोलजी विषयमा एम.डि वासो सरह डिग्री हासिल गरेको वा एम डि जनरल मेडिसिन गरेर ग्याष्ट्रोइन्टेरोलोजी तथा हेपाटोलजीमा कम्तीमा १ वर्षको फेलोसिप गरेको हुनु पर्ने छ। |
| ४/७५/७६ | कार्डियोलोजी/ स्वास्थ्य/ मेडिसिन/ कार्डियोलोजी/ सिनियर रजिष्ट्रार/रजिष्ट्रार (आठौं) | १ खुला<br>१ महिला | सिनियर रजिष्ट्रारको हकमा कार्डियोलोजी विषयमा डि.एम गरेको अथवा एम. आर.सि.पि वा एफ.सि.पि.एस. वा सो सरह डिग्री हासिल गरी सम्बन्धित विषयमा एक बर्ष कार्यानुभव गरेको अथवा इन्टरनल मेडिसिनमा एम.डि. गरी कार्डियोलोजी विषयमा दुई बर्षे फेलोसिप गरेको र एक बर्ष सम्बन्धित विषयमा कार्यानुभव भएको अथवा कार्डियोलोजी विषयमा एम .डि. गरी कम्तिमा तीन बर्ष प्रतिष्ठित संस्थामा रजिष्ट्रार वा सो सरह कार्य अनुभव भएको हुनु पर्ने छ। रजिष्ट्रारको हकमा कम्तिमा कार्डियोलोजी विषयमा एम.डि वा सो सरह डिग्री हासील गरेको वा एम डि जनरल मेडिसिन गरेर कार्डियोलोजिमा कम्तीमा १ वर्षको फेलोसिप गरेको हुनु पर्ने छ। |
| ५/७५/७६ | एनेस्थेसियोलोजि एण्ड क्रिटिकल केयर/ स्वास्थ्य/ एनेस्थेसियोलोजि/ सिनियर रजिष्ट्रार/ रजिष्ट्रार (आठौं) | २ खुला<br>१ महिला<br>१ आ.ज. | सिनियर रजिष्ट्रारको हकमा एम.डि एनेस्थेसियोलोजी एण्ड क्रिटिकल केयर वा सो सरह स्नाकोत्तर डिग्री हासिल गरी कम्तिमा तीन बर्ष प्रतिष्ठित संस्थामा रजिष्ट्रार वा सो सरह कार्य अनुभव भएका अथवा डि.एम एनेस्थेसियोलोजी एण्ड क्रिटिकल केयर वा सो सरहको डिग्री हासिल गरेको हुनु पर्ने छ। रजिष्ट्रारको हकमा कम्तिमा एनेस्थेसियोलोजी विषयमा एम.डि वा सो सरह डिग्री हासिल गरेको। |
| ६/७५/७६ | युरोलोजी/ स्वास्थ्य/ सर्जरी/ युरोलोजी/ सिनियर रजिष्ट्रार/ रजिष्ट्रार (आठौं) | २ खुला<br>१ महिला | सिनियर रजिष्ट्रारको हकमा यूरोलोजी विषयमा एम.सि.एच गरेको अथवा वा एफ.आर.सि.एस अथवा एफ.सि.पि.एस. वा (एम.एस यूरोलोजी ५ बर्ष) वा सो सरह डिग्री हासिल गरी एक बर्ष सम्बन्धित विषयमा कार्यानुभव भएको वा जनरल सर्जरी विषयमा एम.एस. गरी यूरोलोजी विषयमा दुई बर्षे फेलोसिप गरेको र एक बर्ष सम्बन्धित विषयमा कार्यानुभव भएको अथवा यूरोलोजी विषयमा एम .एस. गरी कम्तिमा तीन बर्ष प्रतिष्ठित संस्थामा रजिष्ट्रार वा सो सरह कार्य अनुभव भएको हुन पर्ने छ। रजिष्ट्रारको हकमा कम्तीमा यूरोलोजी विषयमा एम .एस. वा सो सरह डिग्री उत्तीर्ण गरेको। |
| ७/७५/७६ | रेडियोलोजी/ स्वास्थ्य/ रेडियालोजी/ रेडियो डाइग्नोसिस/ सिनियर रजिष्ट्रार /रजिष्ट्रार (आठौं) | २ खुला<br>१ महिला | सिनियर रजिष्ट्रारको हकमा एम.डि रेडियो डायग्नोसिस वा सो सरह स्नाकोत्तर डिग्री हासिल गरी कम्तिमा तीन बर्ष प्रतिष्ठित संस्थामा रजिष्ट्रार वा सो सरह कार्य अनुभव गरेको हुन पर्ने छ। रजिष्ट्रारको हकमा कम्तिमा रेडियो डायग्नोसिस विषयमा एम.डि वा सो सरह डिग्री हासिल गरेको। |
| ८/७५/७६ | प्रत्यारोपण शल्य चिकित्सा/स्वास्थ्य/सर्जरी/ ट्रान्सप्लान्ट/सिनियर रजिष्ट्रार/रजिष्ट्रार (आठौं) | २ खुला<br>१ महिला | सिनियर रजिष्ट्रारको हकमा हेपाटिको-प्याङक्रियाटो विलियरी सर्जरी विषयमा एम.सि.एच गरेको अथवा एफ.आर.सि.एस (एच.पि.वि) अथवा एफ.सि.पि.एस. वा सो सरह डिग्री हासिल गरी एक बर्ष सम्बन्धित विषयमा कार्यानुभव भएको वा जनरल सर्जरी विषयमा एम.एस. गरी हेपाटिको-प्याङक्रियाटो विलियरी सर्जरी विषयमा दुई बर्षे फेलोसिप गरेको र एक बर्ष सम्बन्धित विषयमा कार्यानुभव भएको अथवा हेपाटिको-प्याङक्रियाटो विलियरी सर्जरी विषयमा एम .एस. गरी कम्तिमा तीन बर्ष प्रतिष्ठित संस्थामा रजिष्ट्रार वा सो सरह कार्य अनुभव भएको हुन पर्ने छ । रजिष्ट्रारको हकमा एम एस जनरल सर्जरी/एच.पि.बी सर्जरी/जि.आई सर्जरी वा सो सरह गरी प्रत्यारोपणमा दुई वर्ष कार्यानुभव प्राप्त गरेको वा प्रत्यारोपण शल्यचिकित्सा तथा हेपाटिको-प्याङक्रियाटो विलियरी सर्जरीमा एम.एस वा सो सरह उत्तीर्ण गरेको। |
| ९/७५/७६ | कार्डियोथोरासिक तथा भास्कुलर सर्जरी/स्वास्थ्य/सर्जरी/कार्डियो थोरासिक तथा भास्कुलर/सिनियर रजिष्ट्रार /रजिष्ट्रार (आठौं) | १ खुला | सिनियर रजिष्ट्रारको हकमा कार्डियोथोरासिक तथा भास्कुलर सर्जरी विषयमा एम.सि.एच गरेको वा एफ.आर.सि.एस (सि.टि.एच) अथवा एफ.सि.पि.एस. वा सो सरह डिग्री हासिल गरी एक बर्ष सम्बन्धित विषयमा कार्यानुभव भएको वा जनरल सर्जरी विषयमा एम.एस. गरी कार्डियोथोरासिक तथा भास्कुलर सर्जरी विषयमा दुई बर्षे फेलोसिप गरेको र एक बर्ष सम्बन्धित विषयमा कार्यानुभव भएको अथवा कार्डियोथोरासिक तथा भास्कुलर सर्जरी विषयमा एम .एस. गरी कम्तिमा तीन बर्ष प्रतिष्ठित संस्थामा रजिष्ट्रार वा सो सरह कार्य अनुभव भएको हुन पर्ने छ। रजिष्ट्रारको हकमा कम्तिमा कार्डियोथोरासिक तथा भास्कुलर सर्जरी वा सो सरह विषयमा एम.एस. वा सो सरह डिग्री हासिल गरेको। |
| १०/७५/७६ | मेडिकल अफिसर/स्वास्थ्य/ मेडिसिन/जनरल मेडिसिन/ आठौं | ६ खुला<br>१ महिला<br>१ आ.ज<br>१ मधेशी<br>१ दलित | एम.बि.बि.एस वा सो सरह उत्तीर्ण गरेको। |
| ११/७५/७६ | नर्सिङ्ग अधिकृत/स्वास्थ्य/जनरल नर्सिङ्ग/सातौं | १ खुला<br>१ महिला | नर्सिङ्ग विषयमा बि.एन वा बि.ए.सी. नर्सिङ्ग वा सो सरह डिग्री उत्तीर्ण गरेको। |

| | | | |
|---|---|---|---|
| १२/७५/७६ | ल्याब टेक्नोलोजिष्ट/स्वास्थ्य/ मेडिकल ल्याब टेक्नोलोजि/सातौं | १ खुला | कमतीमा मेडिकल ल्याब टेक्नोलोजी विषयमा स्नातक डिग्री उत्तीण गरेको । |
| १३/७५/७६ | फर्मासिष्ट /स्वास्थ्य/ फार्मेसी/सातौं | १ खुला | फार्मेसी विषयमा कमतीमा स्नातक वा सो सरह डिग्री उत्तीर्ण गरेको । |
| १४/७५/७६ | पर्फुजनिष्ट/स्वास्थ्य/ विविध/सातौं | १ खुला | नर्सिङ्ग विषयमा वि.एस.सि वा सो सरह उत्तीर्ण गरी कम्तिमा एक बर्ष सम्बन्धित विषयमा तालिम प्राप्त हुनुपर्ने |
| १५/७५/७६ | डाइटिसियन/स्वास्थ्य/ विविध/सातौं | १ खुला | पोषण (न्यूट्रिसन) विषयमा स्नातकोत्तर डिग्री हाँसिल गरेको वा पोषण (न्यूट्रिसन) विषयमा स्नातक डिग्री हाँसिल गरी सम्बन्धित विषयमा ३ बर्ष अनुभव प्राप्त |
| १६/७५/७६ | फिजियोथेरापिष्ट/स्वास्थ्य/ फिजियोथेरापी/सातौं | १ खुला | कमतीमा फिजियोथेरापि विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको । |
| १७/७५/७६ | बायोमेडिकल इन्जिनियर/ प्राविधिक/विविध/सातौं | १ खुला | बायोमेडिकल इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह डिग्री प्राप्त गरेको । |
| १८/७५/७६ | ट्रान्सप्लान्ट कोर्डिनेटर/स्वास्थ्य/ विविध/सातौं | १ खुला | नर्सिङ्ग विषयमा बि.एन.वा वि.ए.सी. नर्सिङ्ग वा सो सरह उत्तीर्ण गरी सम्बन्धित स्वास्थ्य संस्थामा कमतीमा एक बर्षको कार्यानुभव प्राप्त गरेको । |
| १९/७५/७६ | रेडियोग्राफर/स्वास्थ्य/ रेडियोग्राफी/सातौं | १ खुला | रेडियोग्राफीमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा ३ बर्ष सम्बन्धित विषयमा कार्यानुभव भएका |
| २०/७५/७६ | ट्रान्सप्लान्ट कोर्डिनेटर/स्वास्थ्य/ विविध/छैठौं | २ खुला<br>१ महिला<br>१ आ.ज. | नर्सिङ्ग विषयमा बि.एन.वा वि.ए.सी. नर्सिङ्ग वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा नाम दर्ता गरेको । |
| २१/७५/७६ | नर्सिङ्ग सुपरभाइजर/स्वास्थ्य/जनरल नर्सिङ्ग/छैठौं | १ खुला<br>१ महिला | प्रविणता प्रमाणपत्र नर्सिङ्ग वा सो सरह उत्तीर्ण गरी ३ वर्षको अनुभव प्राप्त । |
| २२/७५/७६ | स्टाफ नर्स/स्वास्थ्य/जनरल नर्सिङ्ग/पाँचौं | ५३ खुला<br>१४ महिला<br>१२ आ.ज<br>९ मधेशी<br>४ दलित<br>२ अपांग<br>२ पि क्षे | नर्सिङ्ग विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र उत्तीर्ण गरी नेपाल नर्सिङ्ग काउन्सीलमा दर्ता भएको । |
| २३/७५/७६ | रेडियोग्राफर/स्वास्थ्य/ रेडियोग्राफी/पाँचौं | ३ खुला<br>१ महिला<br>१ आ.ज. | रेडियोग्राफीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको । |
| २४/७५/७६ | ल्याब टेक्निसियन/स्वास्थ्य / मेडिकल ल्याब टेक्नोलोजी/पाँचौं | ४ खुला<br>१ महिला<br>१ आ.ज.<br>१ मधेशी<br>१ दलित | कम्तिमा मेडिकल ल्याब टेक्नोलोजि विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको । |
| २५/७५/७६ | असिस्टेन्ट फार्मासिष्ट/स्वास्थ्य/ फार्मेसी/पाँचौ | ३ खुला<br>१ महिला<br>१ आ.ज | कमतीमा डिप्लोमा इन फार्मेसी वा सो सरह डिग्री उत्तीर्णगरेको । |
| २६/७५/७६ | एनेस्थेसिया एसिस्टेन्ट/स्वास्थ्य/ एनेस्थेसियोलोजी/पाँचौ | १ खुला | कम्तिमा प्रमाणपत्र नर्सिङ्ग वा सो सरह उत्तीण गरी एनेस्थेसियामा एक बर्षको तालिम लिएको । |
| २७/७५/७६ | हेमोडाइलाइसिस टेकिनसियन/ प्राविधिक /विविध/पाँचौ | १ खुला<br>१ महिला | कमतीमा बायोमेडिकल इन्जिनियरिङ्ग विषयमा डिप्लोमा उत्तीर्ण गरेको वा इलोक्ट्रोनिक्स इन्जिनियरिङ्ग विषयमा डिप्लोमा उत्तीर्ण गरी मेडिकल उपकरण मर्मत सम्बन्धी ३ महिना तालिम प्राप्त गरेको । |
| २८/७५/७६ | हेमोडाइलाइसिस टेक्निसियन सहायक/प्राविधिक/ विविध/चौथो | २ खुला<br>१ महिला<br>१ आ.ज. | कमतीमा बयोमेडिकल टेक्निसियन तालिम हाँसिल गरी मेडिकल उपकरण मर्मत सम्बन्धी २ वर्षको कार्यानुभव भएको वा कमतीमा प्रविणता प्रमाणपत्र तह पास गरी इलोक्ट्रोनिक्स विषयमा १ वर्षे टेक्निसियन तालिम र ६ महिना हेमोडायलाइसिस मेसिन मर्मत सम्बन्धि तालिम प्राप्त गरेको । |
| २९/७५/७६ | इलेक्ट्रिसियन/प्राविधिक/ विविध/चौथो | १ खुला<br>१ महिला | कमतीमा इलेक्ट्रिकल सब ओभरसियर उत्तीर्ण गरेको अथवा एस.एल.सी उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट ६ महिने विद्युत मर्मत तथा जडान सम्बन्धी तालिम लिई दुई वर्षको कार्यानुभव प्राप्त गरेको । |

**द्रष्टव्य :**

**परिक्षाको किसिम** :- लिखित र अन्तर्वार्ता

**दरखास्त बुझाउने स्थान** :- शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, दुधपाटी भक्तपुर ।

**संलग्न गर्नुपर्ने कागजातहरु** : उम्मेदवारले शैक्षिक योगयता, काउन्सिल दर्ताको प्रमाणपत्र, नागरिकताको प्रमाण पत्रका साथै समावेशी समुहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजातको प्रतिलिपी । दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सोको साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपी समेत अनिवार्य पेश गर्नुपर्नेछ । अनुभव आवस्यक पर्ने पदहरुका लागि दरखास्त फाराममा अनुभव सम्बन्धी विवरण उल्लेख गरी आफुले काम गरेको कार्यालय/संस्थाको प्रमुखबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति** :- २०७६।०२।०३ गते र दोब्बर दस्तुर तिरी २०७६।०२।१० सम्म । तोकिएको अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट बुझाउन सकिने छ ।

**उमेदवारको उमेरको हद** :- दरखास्त दिने अन्तिम मिति सम्म सहायक पदको लागि १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र अधिकृत स्तरको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्ने छ । चिकित्सकको हकमा ४५ बर्ष र चिकित्सक भन्दा वाहेक अन्य पदको हकमा महिलाको उमेर ४० बर्ष ननाघेको हुनु पर्नेछ । दरखास्त दिने अन्तिम मिति पश्चात प्राप्त शैक्षिक योग्यता, काउन्सिल दर्ता, अनुभव र उमेर मान्य हुने छैन ।

**सेवा सुविधा** :- मानब अंग प्रत्यारोपण केन्द्र विकास समितिको कर्मचारी प्रशासन नियमावली अनुसार हुनेछ ।

**लिखित परीक्षाको मिति र परीक्षा केन्द्र** :- लोक सेवा आयोगबाट कायम भए पश्चात् प्रकाशित गरिनेछ ।

**सम्पर्क मिति**: दरखास्त दिने अन्तिम मितिको ७ दिन पछाडी केन्द्रको Website: www.hotc.org.np मा प्रसारण गरिनेछ ।

**परिक्षा दस्तुर**:तह -९ को लागि- रु.१२००/- प्रति समावेशी समूह रु. ४००/-
तह ६ देखि ८ सम्मको- रु.१०००/- प्रति समावेशी समूह रु. ४००/-
तह ५ को लागि- रु.४००/- प्रति समावेशी समूह रु. २००/-
तह ४ को लागि- रु.३००/- प्रति समावेशी समूह रु. २००/-

समाबेसी तर्फको प्रत्येक समुहका लागि थप दस्तुर :- छैठौं तह र सो भन्दा माथिका पदका लागि रु ४०० (चार सय) र सहायक स्तर पदहरुको लागि रु २००/- (दुई सय) थप दस्तुर लाग्ने छ ।

**समाबेसी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारका लागि विशेष निर्देशन**

समाबेशी समूहतर्फका पदहरुमा दरखास्त दिने चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु संलग्न गरी दरखास्त दिनुपर्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित निकायबाट प्रमाणित भएको कागजात पेश गर्नु पर्ने छ ।

(ख) मधेसीको हकमा नेपाल राजपत्रमा सूचना प्रकासन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संख्या नतोकेसम्म सम्बन्धित निकायबाट प्रमाणित भएको कागजात पेश गर्नु पर्ने छ ।

(ग) दलितको हकमा नेपाल सरकार राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा , तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित निकायबाट प्रमाणितात भएको कागजात पेश गर्नु पर्ने छ ।

(घ) लिखित परीक्षाको नतिजावाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ ।